# अर्थ बुलेटिन

वर्ष ७ अंक ३

असोज, २०८२

नेपाल सरकार
**अर्थ मन्त्रालय**



## सम्पादकीय

- चालु आर्थिक वर्षको पहिलो ३ महिनामा प्रायः आर्थिक परिसूचकहरु सकारात्मक रहेका छन्। कुल संघीय खर्च तथा राजस्व परिचालनमा क्रमशः १०.७ प्रतिशत र ०.३ प्रतिशतले वृद्धि भएको छ। वाह्य क्षेत्र थप सबल हुँदै गएको छ। निजी क्षेत्रतर्फ प्रवाहित कर्जा बढेको छ।
- कुल वस्तु निर्यातमा ८९.६ प्रतिशतको उच्च वृद्धि भएको छ भने वस्तु आयात १९.८ प्रतिशतले बढेको छ। निर्यात-आयात अनुपातमा सुधार भएको छ। कुल व्यापारमा निर्यातको अंश बढेको छ।
- समग्र मूल्यस्तर न्यून स्तरमा रहेको छ। २०८२ असोजमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति १.४७ प्रतिशत रहेको छ।
- वैदेशिक रोजगारमा जान श्रम स्वीकृति (नयाँ र पुनः श्रम स्वीकृति) लिने नेपाली कामदारको संख्या १७.७ प्रतिशतले बढेको छ। विप्रेषण आप्रवाहमा ३५.४ प्रतिशतको उच्च वृद्धि भएको छ। चालु खाता र शोधनान्तर स्थिति दुवै उच्च बचतमा छन्। विदेशी मुद्रा सञ्चितिमा निरन्तर वृद्धि भएको छ। फलस्वरुप, हाल कायम रहेको विदेशी मुद्रा सञ्चिति १६.४ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त छ।
- वित्तीय क्षेत्रका परिसूचक सामान्य रहेका छन्। निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ७.३ प्रतिशतले बढेको छ। बैंक तथा वित्तीय क्षेत्रमा बढ्दै गएको निष्कृय कर्जालाई घटाउने चुनौती भने यथावत नै छ।
- भदौ महिनामा भएको जेन-जी आन्दोलनको बाबजुद अक्टोबर महिनामा नेपाल भ्रमण गर्ने पर्यटकको सङ्ख्या पछिल्लो ६ वर्षको अक्टोबर महिनाको तुलनामा सबैभन्दा उच्च रहेको छ। बीमा प्रिमियम सङ्कलन बढेको छ। नेप्से सूचकाङ्क केही घटेको छ।

**प्रकाशन तथा सम्पादन**

आर्थिक नीति विश्लेषण महाशाखा

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०८२/८३ को असोज महिनासम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको रु.३ खर्ब २९ अर्ब २० करोडको तुलनामा १०.७ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ६४ अर्ब ५९ करोड पुगेको छ।

२. यस अवधिको कुल संघीय खर्चमध्ये चालु खर्च ७०.४ प्रतिशत, पुँजीगत खर्च ५.३ प्रतिशत र वित्तीय व्यवस्थातर्फको खर्च २४.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो खर्च क्रमशः ६९.८ प्रतिशत, ८.९ प्रतिशत र २१.३ प्रतिशत रहेको थियो।


**तालिका (क): पछिल्लो ५ वर्षको असोजसम्मको खर्च स्थिति (रु. करोडमा)**

| शीर्षक | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| चालु | १८६५२.३४ | २२३७५.२७ | २१३३९.०४ | २२९८५.२१ | २५६८०.६० |
| पुँजीगत | १४८८.९३ | १९६८.११ | १७८३.३१ | २९३७.४६ | १९१८.३४ |
| वित्तीय व्यवस्था | ३३११.१० | ३४७३.२५ | ४९३४.९० | ६९९७.४४ | ८८६०.०० |
| **जम्मा** | **२३४५२.३७** | **२७८१६.६३** | **२८०५७.२५** | **३२९२०.११** | **३६४५८.९४** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

३. अन्य खर्चको तुलनामा वित्तीय व्यवस्थातर्फको खर्च उच्चदरले बढेको छ। चालु आर्थिक वर्षको पहिलो ३ महिनामा चालु खर्च ११.७ प्रतिशतले बढेकोमा वित्तीय व्यवस्थातर्फको खर्च २६.६ प्रतिशतले बढेको छ। यस अवधिमा पुँजीगत खर्च भने ३४.७ प्रतिशतले सङ्कुचन भएको छ।

**चार्ट (क): पछिल्लो पाँच आर्थिक वर्षको असोजसम्मको खर्च संरचना**
(संघीय खर्चको प्रतिशतमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२।

४. पछिल्ला आर्थिक वर्षहरुमा सरकारको ऋण सेवा खर्च क्रमशः बढ्दै गएकोले तद्अनुरुपको प्रभाव वित्तीय व्यवस्थातर्फको खर्चमा समेत पर्दै आएको छ। विगतका वर्षहरु देखि नै पुँजीगत खर्च क्षमतामा सुधार हुन नसकेको र पछिल्ला राजनीतिक घटनाक्रमले यस महिनाको पुँजीगत खर्चमा समेत प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पारेकाले असोजसम्मको संघीय पुँजीगत खर्च केही घट्न गएको छ।

५. चालु आर्थिक वर्षको पहिलो तीन महिनाको खर्चलाई आधार मान्दा असोज महिनाको खर्चभार सबैभन्दा बढी रहेको छ। असोजमा मात्र कुल खर्चको ५०.६ प्रतिशत खर्च भएको छ। सबैभन्दा कम साउनमा १२.७ प्रतिशत खर्च भएको छ।

**तालिका (ख) : चालु आर्थिक वर्षको असोज सम्मको मासिक खर्चको विवरण (रु. करोडमा)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | १८४७.९८ | ७२.६३ | २७१०.०० | ४६३०.६१ | ०.१२७ |
| भदौ | ९५७०.७४ | ५६२.७० | ३२५२.९९ | १३३८६.४३ | ०.३६७ |
| असोज | १४२६१.८८ | १२८३.०१ | २८९७.०१ | १८४४१.९० | ०.५०६ |
| **जम्मा** | **२५६८०.६०** | **१९१८.३४** | **८८६०.००** | **३६४५८.९४** | **१.०००** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२।

## राजस्व परिचालन

६. परिवर्तित राजनैतिक समयको वावजुद चालु आर्थिक वर्षको पहिलो ३ महिनामा राजस्व सङ्कलन बढेको छ। गैर-कर राजस्व ४८.८ प्रतिशतको उच्च दरले घट्दा समेत संघीय सरकारको राजस्व सङ्कलन ०.३ प्रतिशतले बढेको छ। यस अवधिमा संघीय सरकारको कुल राजस्व सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको रु.२ खर्ब ४८ अर्ब २६ करोडको तुलनामा बढेर रु.२ खर्ब ४९ अर्ब ५ करोड पुगेको छ। यस अवधिमा कर राजस्व सङ्कलन ६.७ प्रतिशतले बढेको छ।

७. गैर-कर राजस्वमा आएको उच्च कमीको कारण कुल राजस्वमा कर राजस्वको योगदान बढेको छ। यस अवधिको कुल राजस्वमा कर राजस्वको योगदान ९४.१ प्रतिशत र गैर-कर राजस्वको योगदान ५.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको असोजसम्म यस्तो योगदान क्रमशः ८८.५ प्रतिशत र ११.५ प्रतिशत रहेको थियो। यस अवधिमा राजस्व र अन्य प्राप्ति सहित कुल प्राप्ति रु.२ खर्ब ५१ अर्ब १८ करोड ५ लाख पुगेको छ।


**तालिका (ग): पछिल्लो ५ आर्थिक वर्षको पहिलो तीन महिनाको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)**

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| **कर** | २२९०८.०० | १८९३८.०७ | १९९४६.२१ | २१९६८.२९ | २३४३२.८ |
| **गैर कर** | २५९५.९४ | १९२०.३५ | १९६५.३० | २८५७.७१ | १४७२.३४ |
| **कुल राजस्व** | **२५५०३.९३** | **२०८५८.४२** | **२१९११.५१** | **२४८२६.००** | **२४९०५.१४** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२।

८. पछिल्लो ५ आर्थिक वर्षको पहिलो ३ महिनाको राजस्व सङ्कलन स्थितिलाई हेर्दा आर्थिक वर्ष २०७८/७९ मा ४८.० प्रतिशतले वृद्धि भएको राजस्व आर्थिक वर्ष २०७९/८० मा १८.२ प्रतिशतले सङ्कुचन भएकोमा तत्पश्चातका वर्षमा भने सुधार हुँदै गएको देखिन्छ। परिवर्तित राजनीतिक परिदृष्यका बावजुद पनि चालु आर्थिक वर्षमा राजस्व सङ्कलन सिमान्त दरले बढेको छ।


**चार्ट (ख): पछिल्लो ५ आर्थिक वर्षको पहिलो तीन महिनाको राजस्व सङ्कलनको प्रवृत्ति** (रू. करोडमा)





स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२।

९. चालु आर्थिक वर्षको पहिलो तीन महिनाको कुल राजस्वमा मूल्य अभिवृद्धि करको योगदान सबैभन्दा बढी ३२.६ प्रतिशत र शिक्षा सेवा शुल्कको योगदान सबैभन्दा कम ०.६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको असोजसम्ममा उक्त शीर्षकको राजस्व योगदान क्रमश ३०.२ प्रतिशत र ०.४ प्रतिशत रहेको थियो। गैर-कर राजस्वको योगदान ५.६ प्रतिशत बिन्दु र आयकर राजस्वको योगदान २.० प्रतिशत बिन्दुले घटेको कारण यस अवधिमा अन्य सबै राजस्व शीर्षकको योगदान बढ्न गएको हो।

### चार्ट (ग): पछिल्लो २ आर्थिक वर्षको असोजसम्म सङ्कलित राजस्वको संरचना




आ.व.२०८१/८२




आ.व. २०८२/८३

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२।

१०. चालु आर्थिक वर्षको पहिलो तीन महिनामा आयकर शीर्षक र यस अन्तर्गतका आयकर एवम् ब्याजकर उपशीर्षक र गैर-कर राजस्व बाहेक अन्य राजस्व शीर्षकमा राजस्व सङ्कलन बढेको छ। यस अवधिमा अन्तःशुल्क राजस्व १९.७ प्रतिशत, भन्सार महशुल ९.४ प्रतिशत र मूल्य अभिवृद्धि कर ८.२ प्रतिशतले बढेको छ।

११. चालु आर्थिक वर्षको असोजसम्म सङ्कलित कुल कर राजस्वमध्ये भन्सार बिन्दुमा सङ्कलित राजस्वको हिस्सा ४९.० प्रतिशत र आन्तरिक कर राजस्वको हिस्सा ५१.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः ४७.१ प्रतिशत र ५२.९ प्रतिशत रहेको थियो। आन्तरिक राजस्वतर्फ कर राजस्वको संकलन र योगदान दुवै घटेको कारण यस अवधिमा आन्तरिक कर राजस्वको हिस्सा घटेको हो।

### तालिका (घ): पछिल्लो दुई आर्थिक वर्षको असोज सम्मको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)

| कर शीर्षक | २०८२/८३ को वार्षिक लक्ष्य | २०८१/८२ असोजसम्मको सङ्कलन | २०८/२/८३ असोजसम्मको लक्ष्य | असोजसम्मको सङ्कलन | लक्ष्यको तुलनामा असुली प्रतिशत | वार्षिक प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | ३०७३६.२३ | ५१९७.७७ | ७०६५.२० | ५६८५.९४ | ८०.५ | ९.४ |
| **मूल्य अभिवृद्धि कर** | ३८६५२.०० | ७५०८.८८ | ९४११.४५ | ८१२३.०९ | ८६.३ | ८.२ |
| उत्पादन, बिक्री, सेवा | १६४३६.६६ | ३१३५.५५ | ३६९७.७९ | ३३७२.०७ | ९१.२ | ७.५ |
| पैठारी | २२२१५.३४ | ४३७३.३४ | ५७१३.६६ | ४७५१.०२ | ८३.२ | ८.६ |
| **अन्तःशुल्क** | १९४९६.१६ | ३९९७.४३ | ४८६५.८९ | ४७८३.०५ | ९८.३ | १९.७ |
| आन्तरिक उत्पादन | १४१८०.५८ | २७६५.४६ | ३२६८.७० | ३३६७.०८ | १०३.० | २१.८ |
| पैठारी | ५३१५.५८ | १२३१.९६ | १५९७.१९ | १४१५.९७ | ८८.७ | १४.९ |
| **शिक्षा सेवा शुल्क** | ४६५.७६ | १०८.५७ | १३६.३९ | १५०.०३ | ११०.० | ३८.२ |
| **आयकर** | ३९०७०.८१ | ५१५५.६४ | ७१२२.१२ | ४६९०.६८ | ६५.९ | -९.० |
| आयकर | ३४०६२.३० | ४२८२.०३ | ५६३०.९५ | ३९७३.९२ | ७०.६ | -७.२ |
| ब्याज कर | ५००८.५१ | ८७३.६१ | १४९१.१६ | ७१६.७७ | ४८.१ | -१८.० |
| **कर राजस्व जम्मा** | १२८४२०.९६ | २१९६८.३० | २८६०१.०६ | २३४३२.७९ | ८१.९ | ६.७ |
| **गैर कर जम्मा** | १३५०९.३४ | २८५७.७१ | ३५५२.२३ | १४७२.३४ | ४१.४ | -४८.५ |
| **कूल राजस्व** | १४१९३०.३० | २४८२६.०१ | ३२१५३.३० | २४९०५.१४ | ७७.५ | ०.३ |
| **अन्य प्राप्ति** | ०.०० | ४७५.३३ | ०.०० | २१२.९१ | - | -५५.२ |
| **जम्मा राजस्व/प्राप्ति** | १४१९३०.३० | २५३०१.३४ | ३२१५३.३० | २५११८.०५ | ७८.१ | -०.७ |

स्रोतः अर्थ मन्त्रालय।

#भन्सार महशुल अन्तर्गत पैठारी, निर्यात, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

१२. यस अवधिमा शिक्षा सेवा शुल्क र आन्तरिक उत्पादनतर्फको अन्तःशुल्क सङ्कलन लक्ष्यभन्दा बढी सङ्कलन भएको छ। यस अवधिको कुल राजस्व असुली असोजसम्मको लक्ष्यको ७७.५ प्रतिशत र वार्षिक लक्ष्यको १६.८ प्रतिशत रहेको छ। यस अवधिको कर राजस्व असुली असोजसम्मको लक्ष्यको ८१.९ प्रतिशत रहेको छ। अन्तःशुल्क राजस्वको असुली ९८.३ प्रतिशत र आयकर राजस्वको असुली ६५.९ प्रतिशत रहेको छ।

## राजस्वको तहगत बाँडफाँट

१३. चालु आर्थिक वर्षको असोजसम्म संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू.२ खर्ब १७ अर्ब ४४ करोडको तुलनामा १.३ प्रतिशतले कमी आई रू.२ खर्ब १४ अर्ब ५८ करोड रहेको छ। गैर-कर राजस्व र आयकर सङ्कलन घटेकोले सो को प्रभाव संघीय राजस्वमा प्रत्यक्ष पर्न गएको छ।

**तालिका (ङ): संघीय सरकारले सङ्कलन गरेको राजस्वको तहगत बाँडफाँट (रू. करोडमा)**

| विवरण | असोजसम्म | | वृद्धिदर |
|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | २०८२/८३ |
| संघीय सरकारले संकलन गरेको राजस्व | २४८२६.०१ | २४९०५.१४ | ०.३ |
| कर राजस्व | २१९६८.३० | २३४३२.७९ | ६.७ |
| गैरकर राजस्व (बाँडफाँट हुने रोयल्टीसहित) | २८५७.७१ | १४७२.३४ | -४८.५ |
| प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व | ३०८२.३० | ३४४७.०५ | ११.८ |
| मूल्य अभिवृद्धि कर | २२५२.६६ | २४३६.९३ | ८.२ |
| अन्तःशुल्क (आ. उत्पादन) | ८२९.६४ | १०१०.१२ | २१.८ |
| संघीय सरकारले परिचालन गर्ने राजस्व | २१७४३.७१ | २१४५८.०९ | -१.३ |
| कर राजस्व | १८८८६.०० | १९९८५.७४ | ५.८ |
| गैरकर राजस्व (बाँडफाँट हुने रोयल्टीसहित) | २८५७.७१ | १४७२.३४ | -४८.५ |

स्रोतः अर्थ मन्त्रालय, २०८२

नोटः संघीय सरकारले सङ्कलन गरेको रोयल्टी आर्थिक वर्षको अन्त्यमा मात्र बाँडफाँट हुने भएकाले बाँडफाँट हुने रोयल्टीलाई समेत संघीय सरकारले परिचालन गर्ने राजस्व भित्र समावेश गरिएको छ र आर्थिक वर्षको अन्त्यमा यसको तहगत समायोजन गरिनेछ।

१४. यस अवधिमा मूल्य अभिवृद्धि कर र आन्तरिक तर्फको अन्तःशुल्क सङ्कलन दुवैमा वृद्धि भएका कारण प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व भने ११.८ प्रतिशतले वृद्धि भई रु.३४ अर्ब ४७ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो राजस्व रु.३० अर्ब ८२ करोड रहेको थियो।

## करको दायरा विस्तार

१५. २०८२ असोजसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ७१ लाख ७१ हजार ५ सय ४५ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ७० प्रतिशत माथि रहेको छ। त्यसैगरी, व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या २९.१ प्रतिशत र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर ०.५ प्रतिशत रहेको छ। यस अवधिसम्म मुल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ५८ हजार ५ सय ५ र अन्तःशुल्कमा दर्ता भएका करदाताको सङ्ख्या १ लाख २८ हजार ९ पुगेको छ।

**तालिका (च): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०८२ असारसम्म | २०८१/८२ असोजसम्म थप | २०८२/८३ असोजसम्म थप | हालसम्मको जम्मा |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (B-PAN) | २०६०७५८ | २९३४४ | २७९५३ | २०८८७११ |
| करकट्टी गर्ने निकायले लिएको स्था.ले.नं | ३५८७० | ७३७ | ४९८ | ३६३६८ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN) | ४९०२७२२ | १६१७४२ | १४३७४४ | ५०४६४६६ |
| **जम्मा स्थायी लेखा नम्बर** | **६९९९३५०** | **१९१८२३** | **१७२१९५** | **७१७१५४५** |
| मूल्य अभिवृद्धि कर (VAT) | ३५१७३५ | ६४६३ | ६७७० | ३५८५०५ |
| अन्तःशुल्क (Excise) | १२४९९७ | ३२८७ | ३०१२ | १२८००९ |

स्रोतः आन्तरिक राजस्व विभाग, २०८२।


#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहायता

१६. यस अवधिमा वैदेशिक सहायता प्रतिबद्धता घटेको छ। चालु आर्थिक वर्षको असोजसम्म वैदेशिक सहायता प्रतिबद्धता रु.९ अर्ब ५४ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो प्रतिबद्धता रु.३७ अर्ब १८ करोड रहेको थियो। यस अवधिको कुल सहायता प्रतिबद्धतामध्ये शतप्रतिशत अनुदान रहेको छ।

१७. कुल सहायता प्रतिबद्धतामध्ये सबैभन्दा बढी ७१.३ प्रतिशत ऊर्जा क्षेत्रमा र बाँकी प्रतिवद्धता अन्य क्षेत्रमा रहेको छ। चीन सरकारले स्वास्थ्य क्षेत्र र मानव संशाधन विकास क्षेत्रमा थप सहायता गर्ने प्रतिबद्धता जनाएको छ ।

**चार्ट (घ): चालु आर्थिक वर्षको भदौसम्म प्राप्त विकास सहायता प्रतिबद्धता**




स्रोतः अर्थ मन्त्रालय, २०८२।

## सार्वजनिक ऋण

१८. सरकारको कुल तिर्न बाँकी सार्वजनिक ऋणमा वृद्धि भएको छ। साथै, सार्वजनिक ऋण पोर्टफोलियोमा समेत परिवर्तन भएको छ। २०८२ असोज मसान्तमा संघीय सरकारको तिर्न बाँकी सार्वजनिक ऋण २०८१ असोजमसान्तको तुलनामा ८.० प्रतिशतले वृद्धि भई रू.२७ खर्ब २४ अर्ब ६५ करोड पुगेको छ, जुन गत आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनको ४४.६ प्रतिशत रहेको छ। कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण र बाह्य ऋणको हिस्सा क्रमशः ४६.९ प्रतिशत र ५३.१ प्रतिशत रहेको छ। २०८१ असोज मसान्तमा यस्तो हिस्सा क्रमशः ४९.० प्रतिशत र ५१.० प्रतिशत रहेको थियो।

१९. चालु आर्थिक वर्षको असोजसम्म संघीय सरकारले आन्तरिक ऋणतर्फ रु.८० अर्ब १५ करोड र बाह्य ऋणतर्फ रु.१० अर्ब ३६ करोड गरी जम्मा रु.९० अर्ब ५१ करोड सावाँ भुक्तानी गरेको छ। यस अवधिमा आन्तरिक ऋणतर्फ रु.१६ अर्ब २६ करोड र बाह्य ऋणतर्फ रु.३ अर्ब १२ करोड गरी कुल रु.१९ अर्ब ३८ करोड ब्याज भुक्तानी भएको छ। समग्रमा सावाँ र ब्याज समेत गरी यस अवधिको कुल ऋण सेवा खर्च रु.१ खर्ब ९ अर्ब ८९ करोड रहेको छ।

२०. चालु आर्थिक वर्षको असोजसम्म आन्तरिक ऋणतर्फ रु.९० अर्ब र बाह्य ऋणतर्फ रु.१० अर्ब ८५ करोड गरी कुल रु.१ खर्ब ८५ करोड बराबरको सार्वजनिक ऋण परिचालन भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा आन्तरिक ऋणतर्फ रु.१ खर्ब १५ अर्ब र बाह्य ऋणतर्फ रु.२१ अर्ब ३२ करोड गरी कुल रु.१ खर्ब ३६ अर्ब ३२ करोड बराबरको सार्वजनिक ऋण परिचालन भएको थियो।

## वित्तीय क्षेत्र

२१. बैंक तथा वित्तीय क्षेत्रमा रहेको निक्षेप बढेको छ। २०८२ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप २०८२ असोज मसान्तमा ३.० प्रतिशतले बढेर रु.७४ खर्ब ८२ अर्ब ५९ करोड पुगेको छ। २०८१ असार मसान्तको तुलनामा २०८१ असोज मसान्तमा यस्तो निक्षेप २.६ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८२ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप १३.० प्रतिशतले वृद्धि भएको छ।

२२. निजी क्षेत्रतर्फको कर्जा प्रवाह बढेको छ। २०८२ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा २०८२ असार मसान्तको तुलनामा १.५ प्रतिशतले बढेर रु.५५ खर्ब ८० अर्ब ६४ करोड पुगेको छ। २०८१ असोज मसान्तमा यस्तो कर्जा २०८१ असार मसान्तको तुलनामा २.५ प्रतिशतले वृद्धि भएको थियो। वार्षिक बिन्दुगत आधारमा २०८२ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ७.३ प्रतिशतले बढेको छ।

२३. २०८२ असोज मसान्तमा २० वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैङ्क गरी कुल १०७ बैङ्क तथा बित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन्। बैङ्क तथा बित्तीय संस्थाको शाखा सङ्ख्या २०८१ असोज मसान्तमा ११ हजार ५ सय ३० रहेकोमा २०८२ असोज मसान्तमा ११ हजार ५ सय १२ कायम भएको छ।


२४. निक्षेप र कर्जाको ब्याजदर घटेको छ। २०८१ असोजमा वाणिज्य बैंकको निक्षेप तथा कर्जाको भारित औसत ब्याजदर क्रमशः ५.२४ प्रतिशत र ९.३३ प्रतिशत रहेकोमा २०८२ असोजमा क्रमशः ३.८५ प्रतिशत र ७.५० प्रतिशतमा झरेको छ।

२५. बैंक तथा वित्तीय संस्थाको निष्कृय कर्जा बढेको छ। २०८१ असोजमा कुल कर्जाको ४.४२ प्रतिशत रहेको निष्कृय कर्जा २०८२ असोजमा ५.२६ प्रतिशत पुगेको छ। त्यसैगरी, २०८१ असोजमा विपन्न क्षेत्र कर्जा कुल कर्जा लगानीको ६.१७ प्रतिशत रहेकोमा २०८२ असोजमा ५.३६ प्रतिशत रहेको छ।

## समग्र मूल्य स्थिति

२६. समग्र मूल्यस्तरमा कमी आएको छ। २०८२ असोज महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १.४७ प्रतिशत रहेको छ। २०८१ असोजमा यस्तो मुद्रास्फीति ४.८२ प्रतिशत रहेको थियो। २०२५ अक्टोबर महिनामा भारतमा उपभोक्ता मुद्रास्फीति ०.२५ प्रतिशत रहेको र सो को प्रत्यक्ष प्रभाव नेपालको मूल्यस्तरमा समेत पर्न गएको लगायतको कारण २०८२ असोजमा उपभोक्ता मुद्रास्फीति पछिल्लो ५ वर्षको असोज महिनामध्येकै सबैभन्दा न्यून रहेको छ।

चार्ट (ङ): पछिल्लो ५ वर्षको असोज महिनाको उपभोक्ता मुद्रास्फीति (प्रतिशतमा)




स्रोतः नेपाल राष्ट्र बैंक, २०८२।

२७. खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ऋणात्मक रहेको छ। वार्षिक बिन्दुगत आधारमा २०८२ असोजमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति २.५४ प्रतिशतले घटेको छ भने गैरखाद्य तथा सेवा क्षेत्र समूहको मुद्रास्फीति ३.८० प्रतिशत रहेको छ। २०८१ असोजमा यस्तो मुद्रास्फीति क्रमशः ७.२० प्रतिशत र ३.४९ प्रतिशत रहेको थियो।

## मुद्राप्रदाय

२८. आर्थिक वर्ष २०८२/८३ को पहिलो तीन महिनामा विस्तृत मुद्राप्रदाय (एम$_2$) ३.२ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्राप्रदाय ३.४ प्रतिशतले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा, २०८१ असोज मसान्तको तुलनामा २०८२ असोज मसान्तमा विस्तृत मुद्राप्रदाय १२.२ प्रतिशतले बढेको छ। त्यसैगरी, २०८१ असोज मसान्तको तुलनामा २०८२ असोज मसान्तमा संकुचित मुद्राप्रदाय (एम$_1$) १५.९ प्रतिशतले बढेको छ।

## बाह्य क्षेत्र

२९. चालु आर्थिक वर्षको असोजसम्म कुल वस्तु व्यापार २६.० प्रतिशतले वृद्धि भई रु.५ खर्ब ४० अर्ब ८६ करोड पुगेको छ। वस्तु आयात र वस्तु निर्यात दुवै बढेका छन्। पछिल्लो पाँच आर्थिक वर्षको पहिलो तीन महिनासम्म भएको वस्तु निर्यातको तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०८०/८१ र आर्थिक वर्ष २०८१/८२ मा मुलुकको कुल वस्तु निर्यात घटेकोमा चालु आर्थिक वर्षमा ८९.६ प्रतिशतको उच्च दरले बढेको छ। फलस्वरुप, निर्यात-आयात अनुपात १५.५ प्रतिशत र कुल व्यापारमा निर्यातको अंश १३.५ प्रतिशत पुगेको छ। यद्यपि, भारततर्फको निर्यात उल्लेख्य बढेको भएपनि चीनतर्फको निर्यातमा सुधार हुन सकेको छैन।

तालिका (छ): पछिल्लो पाँच आर्थिक वर्षको असोजसम्मको वस्तु व्यापारको विवरण (रु. करोडमा)

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| वस्तु आयात | २९२२६.८४ | ४००९९.७५ | ४०७७५.९० | ३९०७५.०२ | ४६८०८.२५ |
| वस्तु निर्यात | ३१०४.५७ | ४१८१.९७ | ४०८७.४७ | ३८३७.७९ | ७२७८.२० |
| कुल व्यापार | ३२३३१.४१ | ४४२८१.७२ | ४४८६३.३७ | ४२९१२.८१ | ५४०८६.४५ |
| व्यापार घाटा | २६१२२.२७ | ३५९१७.७८ | ३६६८८.४३ | ३५२३७.२३ | ३९५३०.०५ |
| निर्यात आयात अनुपात (प्रतिशतमा) | १०.६ | १०.४ | १०.० | ९.८ | १५.५ |
| कुल व्यापारमा निर्यातको अंश (प्रतिशतमा) | ९.६ | ९.४ | ९.१ | ८.९ | १३.५ |
| कुल व्यापारमा आयातको अंश (प्रतिशतमा) | ९०.४ | ९०.६ | ९०.९ | ९०.९ | ८६.५ |

स्रोतः भन्सार विभाग, २०८२।

## वस्तु निर्यात

३०. आर्थिक वर्ष २०८२/८३ को असोजसम्म कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ८९.६ प्रतिशतले वृद्धि भई रु.७२ अर्ब ७८ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात ६.१ प्रतिशतले घटेर रु.३८ अर्ब ३८ करोड रहेको थियो। यस अवधिमा कारोवार मूल्यका आधारमा भटमासको प्रशोधित तेल, सूर्यमुखीको प्रशोधित तेल र प्रशोधित पाम तेलको निर्यात उच्च दरले बढेको छ भने अलैची, जुटका बुनिएका कपडा, फलफुलको जुस लगायतका वस्तुको निर्यातमा वृद्धि भएको छ। साथै, यस अवधिमा उनी गलैंचा कार्पेट, तयारी कपडा, फलामे पाता लगायतका वस्तुको निर्यात घटेको छ। यस अवधिमा निर्यात भएका प्रमुख १० वस्तुको कुल निर्यातमा अंश ६९.१

प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यी वस्तुहरुको निर्यातमा अंश ४२.९ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको पहिलो ३ महिनामा निर्यात भएको प्रमुख वस्तु प्रशोधित भटमासको तेलको मात्र कुल निर्यातमा अंश ४२.२ प्रतिशत रहेको छ।

**तालिका (ज) : असोजसम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति** (रु. करोडमा)

| वस्तु | २०८१/८२ | २०८२/८३ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| प्रशोधित भटमासको तेल | ९४.१३ | ३०६९.७८ | ३१६१.२ |
| सेन्थेटिक यार्न | ३२५.३५ | ३४०.०५ | ४.५ |
| उनी गलैंचा कार्पेट | २८५.४० | २५७.५४ | -९.८ |
| तयारी कपडा | २६१.४० | २३२.८० | -१०.९ |
| सूर्यमुखीको प्रशोधित तेल | ३४.९३ | २१३.९५ | ५१२.५ |
| फलफुलको जुस | १७७.९० | २०७.१२ | १६.४ |
| प्रशोधित पाम तेल | ३७.७७ | १९१.५५ | ४०७.१ |
| जमोठ कपडा | १६७.७८ | १७७.७० | ५.९ |
| जुटका बुनिएका कपडा | १३३.९५ | १६८.६९ | २५.९ |
| अलैची | १२६.२१ | १६७.९२ | ३३.० |
| अन्य | २१९२.९६ | २२५१.१० | २.७ |
| **जम्मा** | **३८३७.७८** | **७२७८.२०** | **८९.६** |

स्रोतः भन्सार विभाग, २०८२।

३१. यस अवधिमा भारततर्फ भएको निर्यातको अंश तीन चौथाई भन्दा बढी रहेको छ। यस अवधिको कुल वस्तु निर्यातमध्ये भारत, चीन र अन्य देशतर्फ भएको निर्यातको अंश क्रमशः ८१.२ प्रतिशत, ०.३ प्रतिशत र १८.५ प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ६४.८ प्रतिशत, १.४ प्रतिशत र ३३.८ प्रतिशत रहेको थियो।

३२. यस अवधिको निर्यातमा सबैभन्दा बढी अंश रहेको प्रशोधित भटमासको तेल भारततर्फ निर्यात भएकाले भारततर्फको कुल निर्यात १३७.९ प्रतिशतको उच्च दरले बढेको छ। यस अवधिमा अन्य मुलुकतर्फ भएको निर्यात ३.८ प्रतिशतले बढेको छ। यद्यपि, चीनतर्फको निर्यात भने ६६.१ प्रतिशतले घटेको छ।

## वस्तु आयात

३३. चालु आर्थिक वर्ष २०८१/८२ को असोजसम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १९.८ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ६८ अर्ब ८ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात १२.४ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ९० अर्ब ७५ करोड रहेको थियो।

३४. यस अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कारोवार मूल्यका आधारमा सुन, भटमासको कच्चा तेल र डीएपी मलको आयात उच्च दरले बढेको छ। साथै, मोवाइल/टेलिफोन, तयारी कपडा, शुद्ध फलाम लगायतका वस्तुको आयात बढेको छ। यस अवधिमा एच.आर.सिट, डिजेल, एल.पि. ग्यास लगायतका वस्तुको आयात घटेको छ।

३५. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ५५.५ प्रतिशत, २२.४ प्रतिशत र २२.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः क्रमशः ६१.७ प्रतिशत, २०.१ प्रतिशत र १८.२ प्रतिशत रहेको थियो।

३६. यस अवधिमा भारत, चीन र अन्य देशहरूतर्फको आयातमा क्रमशः ७.५ प्रतिशत, ३३.४ प्रतिशत र ४६.५ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (झ) : असोजसम्म आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति** (रु. करोडमा)

| वस्तु | २०८१/८२ | २०८२/८३ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल कच्चा | ५३४.७८ | ३०२४.८७ | ४६५.६ |
| डिजेल | २२१५.७० | २०६९.४५ | -६.६ |
| डीएपी मल | ३७८.८३ | १७११.३० | ३५१.७ |
| पेट्रोल | १६६२.८२ | १६७६.८७ | ०.८ |
| एल पि ग्यास | १४०६.४५ | १३९८.१९ | -०.६ |
| मोवाइल/टेलिफोन | १०३६.९४ | १३८२.११ | ३३.३ |
| तयारी कपडा | ११५०.९९ | १२६९.४७ | १०.३ |
| शुद्ध फलाम | १२१०.७७ | १२५१.६४ | ३.४ |
| सुन | १८४.२८ | १०६५.९२ | ४७८.४ |
| एच.आर.सिट | १२१७.४१ | १०४५.२३ | -१४.१ |
| अन्य | २८०७६.०८ | ३०९१३.२० | १०.१ |
| **जम्मा** | **३९०७५.०५** | **४६८०८.२५** | **१९.८** |

स्रोतः भन्सार विभाग, २०८२।

३७. चालु आर्थिक वर्षको पहिलो ३ महिनामा आयात भएका प्रमुख १० वस्तुको कुल आयातमा अंश ३४.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यी वस्तुहरुको कुल आयातमा अंश २८.१ प्रतिशत रहेको थियो। यस अवधिमा सबै भन्दा बढी आयात भएको कच्चा भटमासको तेलको कुल आयातमा अंश ६.५ प्रतिशत रहेको छ। यस अवधिमा रु.३० अर्ब २५ करोड बराबरको कच्चा भटमासको तेल आयात भएकोमा रु.३० अर्ब ७० करोड बराबरको प्रशोधित भटमासको तेल निर्यात भएको छ।


## व्यापार घाटा

३८. आर्थिक वर्ष २०८२/८३ को असोजसम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १२.२ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ९५ अर्ब ३० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा ४.० प्रतिशतले सुधार भएको थियो।

३९. चालु आर्थिक वर्षको पहिलो ३ महिनामा भारतसँगको व्यापार घाटामा ७.६ प्रतिशतले सुधार भएको छ भने चीन र अन्य मुलुकसँगको व्यापार घाटा क्रमशः ३४.१ प्रतिशत र ५६.० प्रतिशतले बढेको छ। गत आर्थिक वर्षको सोही अवधिमा भारतसँगको व्यापार घाटा ३.७ प्रतिशतले सुधार भएको थियो। त्यसैगरी, सो अवधिमा चीन र अन्य मुलुकसँगको व्यापार घाटा क्रमशः १.३ प्रतिशत र ८.२ प्रतिशतले सुधार भएको थियो। भारततर्फ भएको निर्यातको अंश उच्च रहेको कारण यस अवधिमा भारतसँगको व्यापार घाटामा थप सुधार भएको छ।

४०. कोभिड -१९ को कारण गरिएको बन्दाबन्दी पछि अर्थतन्त्र सुचारू हुनासाथ आयात उच्चदरले बढ्दा आर्थिक वर्ष २०७८/७९ को असोजसम्मको वस्तु व्यापार घाटा उच्च दरले बढेको थियो। तत्पश्चात्का वर्षमा यस्तो व्यापार घाटा क्रमशः सुधार भएको थियो।


चार्ट (च): पछिल्लो ५ आर्थिक वर्षको असोजसम्मको वस्तु व्यापार घाटाको स्थिति (रु. अर्बमा)




स्रोतः भन्सार विभाग, २०८२।

४१. कुल वस्तु व्यापारमा निर्यातको अंश बढेको छ। चालु आर्थिक वर्षको असोजसम्मको कुल व्यापारमा निर्यातको हिस्सा १३.५ प्रतिशत पुगेको छ। विगत पाँच आर्थिक वर्षको तथ्याङ्क हेर्दा यस अघि यस्तो अंश आर्थिक वर्ष २०७८/७९ मा सबैभन्दा बढी ९.६ प्रतिशत पुगेको थियो। गत आर्थिक वर्षदेखि निर्यातमा भएको उल्लेख्य सुधार चालु आर्थिक वर्षको पहिलो त्रयमाससम्म पनि निरन्तर रहेकोले कुल व्यापारमा वस्तु निर्यातको अंश क्रमशः बढ्दै गएको छ। यद्यपि, सीमित वस्तुको निर्यात उल्लेख्य बढेको कारण तद्अनुरुपको प्रभाव समग्र वस्तु निर्यातमा परेको हुँदा वस्तु निर्यातको विविधिकरण गरी निर्यात प्रवर्द्धन गर्ने चुनौती भने यथावत नै रहेको छ।

चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको असोजसम्मको वस्तु व्यापारको स्थिति (प्रतिशतमा)




स्रोतः भन्सार विभाग, २०८२

## सेवा व्यापार


४२. आर्थिक वर्ष २०८२/८३ को पहिलो तीन महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको सेवा आय रु.५४ अर्ब २८ करोडको तुलनामा १५.४ प्रतिशतले वृद्धि भई रु.६२ अर्ब ६६ करोड पुगेको छ। यस अवधिको कुल सेवा खर्च गत वर्षको सोही अवधिको रु.७७ अर्ब २९ करोडको तुलनामा २३.४ प्रतिशतले वृद्धि भई रू.९५ अर्ब ३५ करोड पुगेको छ।

४३. आर्थिक वर्ष २०८२/८३ को असोजसम्म खुद सेवा आय रू.३२ अर्ब ६८ करोड घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू.२३ अर्ब १ करोड घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

४४. विप्रेषण आप्रवाहमा निरन्तर वृद्धि हुँदै गएको छ। चालु आर्थिक वर्षको पहिलो तीन महिनामा विप्रेषण आप्रवाह रू.५ खर्ब ५३ अर्ब ३१ करोड (अमेरिकी डलर ३ अर्ब ९४ करोड) पुगेको छ। यस अवधिमा विप्रेषण आप्रवाह नेपाली रूपैयामा ३५.४ प्रतिशत र अमेरिकी डलरमा २९.२ प्रतिशतले बढेको छ।

चार्ट (ज): पछिल्लो ५ आर्थिक वर्षको असोजसम्मको विप्रेषण आप्रवाहको प्रवृत्ति र वृद्धिदर





स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२

४५. चालु आर्थिक वर्षको असोज महिनासम्म वैदेशिक रोजगारीमा जान नयाँ श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको १ लाख १० हजार ६ सय ५४ को तुलनामा ११.६ प्रतिशतले वृद्धि भई १ लाख २३ हजार ४ सय ५९ पुगेको छ। यस अवधिमा वैदेशिक रोजगारीमा जान पुनः श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको ५९ हजार ९ सय ३९ तुलनामा २८.९ प्रतिशतले वृद्धि भई ७७ हजार २ सय ५७ पुगेको छ। समग्रमा यस अवधिमा वैदेशिक रोजगारमा जान नयाँ तथा पुनःश्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको १ लाख ७० हजार ५ सय ९३ को तुलनामा १७.७ प्रतिशतले वृद्धि भई २ लाख ७ सय १६ पुगेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४६. आर्थिक वर्ष २०८२/८३ को पहिलो तीन महिनामा चालु खाता र शोधनान्तर स्थिति बचतमा रहेको छ। यस अवधिमा चालु खाता बचत अघिल्लो आर्थिक वर्षको वचत रू.१ खर्ब १५ अर्ब ३६ करोडको तुलनामा शत प्रतिशत भन्दा बढीले वृद्धि भई रु.२ खर्ब ३७ अर्ब ५९ करोड पुगेको छ। आर्थिक वर्ष २०८१/८२ को असोजमा ८६ करोड अमेरिकी डलर बचतमा रहेको चालु खाता आर्थिक वर्ष २०८२/८३ को सोही अवधिमा थप सुधार भई १ अर्ब ६९ करोड अमेरिकी डलर बचतमा रहेको छ।

### चार्ट (झ): पछिल्लो ५ आर्थिक वर्षको असोजसम्मको चालु खाता र शोधनान्तर स्थिति (रु.अर्बमा)





स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

४७. आर्थिक वर्ष २०८२/८३ को पहिलो तीन महिनामा शोधनान्तर स्थिति रु.२ खर्ब ६४ अर्ब ३ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू.१ खर्ब ८४ अर्ब ९९ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा, गत आर्थिक वर्षको असोजसम्म १ अर्ब ३८ करोडले बचतमा रहेको शोधनान्तर स्थिति चालु आर्थिक वर्षको असोजसम्म १ अर्ब ८८ करोडले बचतमा रहेको छ।

## विदेशी विनिमय सञ्चिति

४८. विदेशी विनिमय सञ्चिति निरन्तर बढ्दै गएको छ। २०८२ असोज मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०८२ असारमसान्तको तुलनामा ११.३ प्रतिशत र २०८१ असोज मसान्तको तुलनामा ३३.५ प्रतिशतले बढेर रू.२९ खर्ब ७९ अर्ब ८१ करोड पुगेको छ। अमेरिकी डलरमा, कुल विदेशी विनिमय सञ्चिति २०८२ असार मसान्तको तुलनामा ८.७ प्रतिशत र २०८१ असोज मसान्तको तुलनामा २७.७ प्रतिशतले बढेर २१ अर्ब २१ करोड पुगेको छ।

### चार्ट (ञ): पछिल्लो ५ आर्थिक वर्षको असोजमसान्तको विदेशी मुद्रा सञ्चिति र सञ्चिति पर्याप्तता




स्रोतः नेपाल राष्ट्र बैंक, २०८२


४९. आर्थिक वर्ष २०८२/८३ को पहिलो तीन महिनामा भएको आयातलाई आधार मान्दा बैङ्क तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति १९.९ महिनाको वस्तु आयात तथा १६.४ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ। गत आर्थिक वर्षको पहिलो ३ महिनामा यस्तो सञ्चिति पर्याप्तता क्रमशः १७.६ महिनाको वस्तु आयात र १४.६ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त थियो।

## विनिमय दर

५०. २०८२ असार मसान्तको तुलनामा २०८२ असोज मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ २.३ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१४०.२२ पुगेको छ। २०८२ असार मसान्तमा यस्तो विनिमय दर रु.१३७.०० र २०८१ असोज मसान्तमा

रु.१३४.१७ रहेको थियो। पछिल्लो १० आर्थिक वर्षको असोजमसान्तको विनिमय दरको स्थिति हेर्दा २०७६ असोज मसान्त देखि २०८२ असोज मसान्तसम्म अमेरिकी डलरसँग नेपाली रुपैंया हरेक वर्ष अवमूल्यन हुँदै गएको छ।

**चार्ट (ट): पछिल्लो दशकको असोजमसान्तको खरिद विनिमय दरको प्रवृत्ति** (अमेरिकी डलर १ = ... नेपाली रुपैंया)





स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

## पर्यटक आगमन

५१. सन् २०२५ को अक्टोबरसम्म १० महिनाको अवधिमा नेपाल आएका पर्यटकको सङ्ख्या सन् २०२४ को सोही अवधिको तुलनामा ०.३ प्रतिशतको सिमान्त दरले वृद्धि भई आई ९ लाख ४३ हजार ७ सय १६ पुगेको छ। सन् २०२४ को सोही अवधिमा यस्तो सङ्ख्या ९ लाख ४१ हजार ३२ रहेको थियो। यसैगरी, सन् २०२५ को अक्टोबर महिनामा नेपाल आउने पर्यटकको सङ्ख्या १ लाख २८ हजार ४ सय ४३ रहेको छ, जुन पछिल्लो ६ वर्षको अक्टोबर महिनामा नेपाल आएका पर्यटकको सङ्ख्यामध्ये सबैभन्दा बढी हो। सन् २०२४ को अक्टोबर महिनामा नेपाल भित्रिने पर्यटकको सङ्ख्या १ लाख २४ हजार ३ सय ९३ रहेको थियो।

**चार्ट (ठ): पछिल्लो १० वर्षको अक्टोबरसम्म १० महिनामा नेपाल भित्रिने पर्यटकको सङ्ख्या र वृद्धिदर**




स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

५२. आर्थिक वर्ष २०८२/८३ को पहिलो तीन महिनामा भ्रमण आय ८.१ प्रतिशतले वृद्धि भई रु.१९ अर्ब १९ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आय रु.१७ अर्ब ७६ करोड रहेको थियो। यस अवधिमा भ्रमण व्ययमा १६.४ प्रतिशतले वृद्धि भई रु.६४ अर्ब ५९ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो व्यय रु.५५ अर्ब ४९ करोड रहेको थियो।

५३. चालु आर्थिक वर्षको पहिलो तीन महिनामा वैदेशिक अध्ययनमा गएका विद्यार्थीले रु.४२ अर्ब ९६ करोड रकम मुलुक बाहिर लगेका छन्। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु.३२ अर्ब २२ करोड रहेको थियो। चालु आर्थिक वर्षको पहिलो तीन महिनामा शिक्षा क्षेत्रमा रु.७३ करोड २७ लाख रकम भित्रिएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु.७२ करोड १६ लाख रहेको थियो।

## बीमा क्षेत्र

५४. बीमा क्षेत्रका परिसूचक सकारात्मक छन्। चालु आर्थिक वर्षको असोजसम्म सक्रिय जीवन बीमालेख सङ्ख्या १५.६ प्रतिशतले वृद्धि भई १ करोड ५९ लाख ९ हजार १ सय ३५ पुगेको छ। यस अवधिमा निर्जीवन बीमालेख सङ्ख्या समेत ५.८ प्रतिशतले वृद्धि भएको छ। कुल बीमालेख सङ्ख्यामध्ये जीवन बीमाको हिस्सा ९५.३ प्रतिशत रहेको छ।

५५. २०८२ असोजसम्म म्यादी, लघु म्यादि र वैदेशिक रोजगार बीमालेख सहित बीमाको दायरामा आएको जनसङ्ख्या ४९.०५ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो जनसङ्ख्या ४२.८४ प्रतिशत रहेको थियो।


५६. आर्थिक वर्ष २०८२/८३ को असोजसम्म सङ्कलन भएको बीमा प्रिमियम सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १९.७ प्रतिशतले वृद्धि भई रु.६३ अर्ब २९ करोड २० लाख पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्कलन रू.५२ अर्ब ८७ करोड ५१ लाख रहेको थियो।

५७ यस अवधिको बीमा प्रिमियम सङ्कलनमध्ये जीवन बीमा र निर्जिवन बीमातर्फ सङ्कलित प्रिमियमको हिस्सा क्रमशः ७९.६ प्रतिशत र २०.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको असोजसम्म यस्तो हिस्सा क्रमशः ७८.१ प्रतिशत र २१.९ प्रतिशत रहेको थियो।

## पुँजी बजार


५८. बदलिदो राजनीतिक परिदृष्यको कारण अल्पकालीनरुपमा पुँजीबजारमा केही दबाव सिर्जना हुन गएकोले २०८२ असोजमा नेप्से सूचकाङ्क घटेको छ। २०८१ असोज मसान्तमा २७४२.८९ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०८२ को असोज मसान्तमा २४८७.१८ विन्दु कायम भएको छ। वार्षिक विन्दुगत आधारमा, २०८२ असोज मसान्तमा धितोपत्र बजार पुँजीकरण ४.७ प्रतिशतले सङ्कुचन भई रु.४१ खर्ब ५७ अर्ब ९० करोड रहेको छ। २०८१ असोज मसान्तमा धितोपत्र बजार पुँजीकरण ५२.४ प्रतिशतले वृद्धि भई रु.४३ खर्ब ६१ अर्ब ४५ करोड पुगेको थियो।

**चार्ट (ड): पछिल्लो ५ वर्षको असोज मसान्तको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८२।

५९. यस महिनामा धितोपत्र कारोबार भएको पहिलो दिन २०८२ असोज २ गते २५११.९२ विन्दुमा रहेको नेप्से सूचकाङ्क विभिन्न उतार चढावका बीच महिनाको अन्तिम कारोबार भएको दिन असोज ३० गते २४८७.१८ विन्दु कायम भएको छ। यस महिनामा धितोपत्र कारोबार भएको दिनमध्ये असोज ७ गते नेप्से सबैभन्दा बढी २६८२.२५ बिन्दुमा पुगेको थियो।




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८२ ।